# बोदेबर्साइन नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः २ | मितिः २०७७।०४।०१

# भाग-२

## बोदेबर्साइन नगरपालिकाको छैठौं नगर सभा बाट स्विकृत नीतिगत निर्णयहरु

## बोदेबर्साइन नगरपालिका

बोदेबर्साइन, सप्तरी

प्रदेश नं २, नेपाल

# बोदेबर्साइन नगरपालिकाको छैठौं नगर सभा बाट स्विकृत नीतिगत निर्णयहरु

**निर्णय नं. १** : बोदेबर्साइन नगरपालिकाले आगामी आ.ब. २०७७।०७८ मा लिइने बार्षिक नीति तथा कार्यक्रमको मस्यौदा प्रस्तुत हुँदा सो नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : नगर कार्यपालिकाले आगामी आ.ब. ०७७।०७८ को कर, शुल्क तथा दस्तुर संकलन गरी अर्थ सम्बन्धी
व्यवस्था गर्न पेश भएको आर्थिक विधेयक २०७७ मस्यौदा उपर सभामा दफावार छलफल भयो । पेश भएको
विधेयकलाई केही परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : नगरकार्यपालिकाको लागि आ.ब. ०७७।०७८ को लागि सेवा तथा कार्यहरुको लागि स्थानीय सञ्चित
कोषबाट केही रकम खर्च गर्न र विनियोजन विकासको लागि रकम खर्च गर्ने व्यवस्थाको लागि तयार भएको विनियोजन विधेयक, २०७७ स्वीकृत गरियो ।

**निर्णय नं ४** : नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त तथा यस नगरपालिका बाट गरिएको संगठन व्यवस्थापन सर्वेक्षण बमोजिमको पद तथा दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५** : नगरपालिकाको कार्य वोझ वढी भएकाले नगरपालिकामा कायम रहेको स्थायी दरवन्दीमा कार्यरत कर्मचारीहरु वाट मात्र दैनिक कार्यसंचालन गर्न कठिनाई भै रहेको साथै सबै दरबन्दी पुर्ति नभएको बर्तमान अवस्थामा कतिपय पदहरु करार सेवा बाट पुर्ति गरिएकोमा कार्य सन्तोषजनक भएका कर्मचारीहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं ६** : यस नगरपालिका अन्तरगत बिगत लामो समय देखि कार्यरत रहि आएका कृषि तथा पशु तर्फका एक गाँउ एक प्राबिधिक सेवाका कर्मचारीहरुको पारिश्रमिकका लागि ५० प्रतिशत रकम नगरपालिकाबाट बिनियोजन गरि निजहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं ७** : नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक, ऐलानी, पर्ती जग्गा तथा चल अचल सम्पत्तिहरुलाई संरक्षण गर्ने उद्देश्यले अतिक्रमण भएका त्यस्ता सम्पत्तिहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याउन आबश्यक पहल कदमी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** : नगरपालिकामा समावेश भएका साविक गा.वि.स.हरुका म.ले.प.तथा नगरपालिकामा भएका म.ले.प. प्रतिवेदनवाट देखाइएका वेरुजु तथा साविक देखि हालसम्म असूल उपर गर्न बाँकी वक्यौता रकम कडाईका साथ असूल उपर गर्ने र वेरुजु फर्छ्यौट कार्यलाई प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. ९** : आ.ब. २०७६।७७ मा बोदेबर्साइन नगर कार्यपालिका, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट गरिएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** : कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि बोदेबर्साइन नगरपालिकाको बिनियोजन ऐन २०७६ को बिभिन्न शिर्षकहरुबाट प्रकोप ब्यवस्थापन कोष तथा अन्य शिर्षकहरुमा गरिएको रकमान्तर लाई अनुमोदन गरियो ।

**निर्णय नं. ११** : कोरोनाको महामारी नियन्त्रणका लागि गरिएको लकडाउनका कारण प्रभावित बिपन्न हरुका लागि बितरण गरिएको राहतका लागि भएको सम्पूर्ण खर्च अनुमोदन गरियो ।

**निर्णय नं. १२** : बोदेबर्साइन नगरपालिकाको बिनियोजन ऐन २०७६ लाई कार्यान्वयन गर्ने सन्दर्भमा भए गरेका अन्य सम्पूर्ण (शिर्षकान्तर भई रकमान्तर भएका समेतका) खर्चहरु अनुमोदन गरियो ।

**निर्णय नं. १३** : नगर कार्यपालिकाको वैठकवाट यस अघि गठन गरिएका विभिन्न समिति उप समितिहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नः १४** : यस नगरपालिका अर्न्तगत कार्यरत स्थानीय तहका शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका तर्फका कर्मचारीहरुले खाईपाई आएको आ.व. २०७६/०७७ को तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** : नगरपालिकावाट संचालन हुने क्षमता विकास तालिम लगायत अन्य सामाजिक विकासका कार्यक्रमहरु संचालन तथा विभिन्न प्रकारका बैठक, सभा समारोह, तालिम, गोष्ठी आदि गर्दा अर्थ मन्त्रालयले स्वीकृत गरेको मापदण्डका आधारमा नगरपालिकाले तयार गरेको मापदण्ड सिवकृत गरियो ।

| क्र.स. | खर्च क्षेत्र | इकाई | दर रु. र सीमा |
|---|---|---|---|
| 1 | सहजकर्ता/स्रोतब्यक्ति को पारिश्रमिक कार्यालय बाहिरबाट | प्रति कक्षा प्रति डेढ घण्टा | २500।(स्रोत सामग्री रु. ५००। सहित) |
| 2 | सहजकर्ता/ स्रोतब्यक्ति को पारिश्रमिक कार्यालयबाट | प्रति कक्षा प्रति डेढ घण्टा | 2000।(स्रोत सामग्री रु. ३००। सहित) |
| 3 | सहायक सहजकर्ता | प्रति कक्षा प्रति डेढ घण्टा | 1000। |
| 4 | कार्यक्रम संयोजक | प्रति कार्यक्रम प्रतिदिन | 2000।(एक कार्यक्रममा एक जना मात्र) |
| 5 | खाजा खर्च | प्रति व्यक्ति प्रतिदिन | १50।(दिनको एक पटक) |
| 6 | खाना खर्च | प्रतिव्यक्ति प्रति छाक | २५०। |
| 8 | सहभागी स्टेसनरी | प्रति व्यक्ति प्रति तालिम | १५०।(डटपेन, कापी अन्य) |
| 9 | तालिम मसलन्द | प्रति तालिम | ३०००।(मार्कर बोर्ड पेन आदि) |
| 10 | विविध खर्च | प्रति तालिम | 10 प्रतिशत सम्म |
| 11 | आवासीय तालिम गर्दा प्रति सहभागी तथा सहजकर्ता | प्रति व्यक्ति प्रतिदिन | १,५००।(खान बस्न सहित) |
| 12 | यातायात खर्च | प्रति व्यक्ति प्रतिदिन | 300 देखि 500 सम्म |
| 13 | उद्घाटन तथा समापन खर्च | प्रति तालिम | ३,०००। |
| 1४ | प्रतिवेदन लेखन | प्रति तालिम | २,०००। |

**निर्णय नं.१६** : यस नगरपालिका अन्तरगत कार्यरत रहेका स्वास्थ्य स्वयंसेविकाहरुको सेवाको कदर गर्दै निजहरुले पाउदै आएको मासिक यातायात सुबिधामा रु ५००।०० थप गरि निजहरुको मासिक पारिश्रमिक रु १५००।०० कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** : नगर कार्यपालिकामा कार्यरत प्राबिधिक तथा अन्य जिम्मेवार कर्मचारीहरुले कार्यालय समय बाहेक तथा सार्वजनिक बिदाका दिनमा समेत कार्य गर्नु पर्ने हुँदा यस्ता कर्मचारिलाई उत्प्रेरित गराउनका लागि नगर कार्यपालिकाको निर्णय अनुसार प्रोत्साहन भत्ता उपलब्ध गारउने निर्णय गरियो ।

**निर्णय नं. १८ :** बोदेबर्साइन नगरपालिकाको बिनियोजन ऐन २०७७ मा एकमुष्ठ रुपमा बिनियोजन भएको रकमलाई क्रियाकलापमा बिभाजन गरि कार्यक्रम संचालन गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालय/नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** १९ : आ. व. २०७७/**७८** मा संचालन गरिने विकास निर्माण कार्यका लागि गठन गरिने उपभोक्ता समितिले गरिआएको लागत सहभागितालाई निरन्तरता दिई यसलाई बस्तुपरक जनाउन सहभागिताको अनुपात नगर कार्यपालिकाले तोकेबमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं.** २० : यस नगरपालिकाबाट सम्झौता भई निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकेका सम्पूर्ण योजनाहरुको म्याद २०७७ फाल्गुण मसान्त सम्मका लागि थप गरि दायित्व समेत सार्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :** यस नगरपालिकामा कार्यरत रहेका प्राबिधिक जनशक्तिहरुको कार्यजिम्मेवारी निजहरुको कार्यक्षमता अनुरुप नगरपालिकाले समसामयिक रुपमा हेरफेर गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. २२ :** बोदेबर्साइन नगरपालिकाको शिक्षा ऐन २०७६ स्विकृत गरियो ।

**निर्णय नं. २३ :** यस नगरपालिकाको नगरपालिकाकी कार्यपालिका सदस्य श्रीमती लिलादेवी यादव बैठकमा आउने सिलसिलामा मोटरसाईकल बाट लडि दुर्घटनामा परेकोले निजको औषधि उपचारका लागि रु १०००००।०० आर्थिक सहायता तत्काल उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४ :** कोरोना भाईरस (कोभिड १९) को संक्रमण नियन्त्रणका लागि नेपाल सरकारले २०७६ चैत्र ११ गते देखि देशब्यापी रुपमा लकडाउन गरि बाहिरबाट आउने हरुका लागि यस नगरपालिकामा क्वारेन्टाईन स्थापना गरिएकोमा उक्त क्वारेन्टाईमा खटिने स्वास्थ्यकर्मीहरुका लागि प्रारम्भमा दैनिक रु ५००।०० सुबिधा उपलब्ध गराईएकोमा पछि एकै दिन २० जनामा पोजेटिभ केश देखिए पश्चात कर्मचारीहरुको मनोबल उच्च बनाउनका

लागि मिति २०७७।०२।१५ देखि दैनिक रु ७५०।०० उपब्ध गराईएकोमा सो कार्यलाई अनुमोदन गरियो ।

**निर्णय नं. २५ :** यसं नगरसभाबाट प्रकोप व्यवस्थापन कोषमा कोभिड १९ का लागि बिनियोजन गरिएको रकमबाट बचत हुन गएको रकम नगरपालिकाको आवश्यकता अनुसारको बिकास निर्माण लगायतका कार्यमा खर्च गर्न सकिने र बचत रकमको क्रियाकलापगत बाँड फाँड गर्ने जिम्मेवारी तथा बिनियोजन ऐन २०७७ मा देखिएका समान्य प्रकृतिका भाषागत, शब्दगत तथा अंकगत त्रुटिहरुलाई संशोधन गर्ने अधिार नगर कार्यपालिका कार्यालय ⁄नगर प्रमुखललाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :** यस नगरपालिका अन्तरगतका नगरबासीहरुमा सहज तथा सरल रुपमा प्रभावकारी स्वास्थ्य सेवा पुर्‍याउनका लागि ६० बर्ष नाघेका जेष्ठ नागरिकहरुलाई प्रयोगशाला बाट उपलब्ध गराईने सम्पूर्ण सेवाहरु निशुल्क रुपमा उपलब्ध गराउने निर्याय गरियो ।

**निर्णय नं. २७ :** बिगतमा मासिक सुबिधा प्राप्त गरिरहेका वडा सदस्यहरुले हाल कुनै पनि सुबिधा प्राप्त गरेकोकारण बैठक, अनुगमन, योजना तर्जुमा लगायतका बिषयमा निजहरुको उदासिनता देखिएकोले मनोबल उच्च बनाई संचार सम्पर्कलाई समेत प्रभावकारी बनाउनका लागि सबै वडा सदस्यहरुलाई यस सभामा १⁄१ थान Android Smart Phone उपलब्ध गराईएकोमा सो कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८ :** यस नगरपालिकाको लागि अति आवश्यक रहेको तर स्रोतको अभावमा नगरपालिकाबाट संचालन गर्न सम्भव नभएका निम्न अनुसारका बिभिन्न योजना तथा कार्यक्रमहरु संचालनमा सहयोग गरी दिन नेपाल सरकार, प्रदेश सरकार सम्वन्धित निकायमा माग गर्ने निर्णय भयो ।

१. सुवर्ण नदीमा झोलुङ्गे पुल निर्माण, वडा नं ९
२. कोल्डस्टोर निर्माण, वडा नं ५
३. कवर्ड हलसहितको खेलकुद मैदान निर्माण, वडा नं ५
४. मानराजा देखि बैरियाही सम्म कालोपत्रे सडक निर्माण, वडा नं ७ र ८
५. गौरा देखि सारस्वर सम्म कालोपत्रे सडक निर्माण, वडा नं ३
६. बर्साइन टोल देखि खमगडा गाँउ सम्म कालो पत्रे सडक निर्माण, वडा नं ५ र ६

**निर्णय नं. २९ :** बोदेबर्साइन नगरपालिकाको यस छैठौं नगर सभा संचालनमा सहयोग पुऱ्याउने नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारी ज्यूहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधी ज्यू लगायत सबै कर्मचारीहरु र समस्त संचारकर्मी, उद्योगी

व्यबसायी लगायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै छैठौं नगरसभा सम्पन्न भएको घोषणा गरियो ।

अज्ञाले
गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत